## पाठ - 2
## جायज खाद्दयहरु दुई प्रकारका छन

## الدرس الثاني - نيبالي
## الأطعمة المباحة على نوعين

जायज खाद्दयहरु दुई प्रकारका छन्, जनावरहरु, र साग सब्जीहरु, त्यस मध्ये जुन हानीकारक छैन भने त्यो जायज छ, फेरि जनावरहरु दुई प्रकारका छन्, धर्तिमा बस्ने जनावर र समुद्रमा बस्ने जनावर, समुद्रमा बस्ने सबै जनावर हलाल छन् त्यसको लागि जिबहको शर्त पनि छैन, बरु समुद्रको मुर्दा पनि जायज छ, र धर्तिमा बस्ने जनावरहरु जायज छन, तर जुन खास किसिमको जनावरहरुलाई इसलामले हराम गरेको छ त्यस बाहेक, र त्यो यस प्रकार छन् -

१ - घरेलु गधा ।

२ - यस्तो जनावरहरु जसको लामो र तीखो शिकार गर्ने दाँत हुन्छ, मात्र एउटा खास किसिमको जनावर बाहेक जसलाई अंग्रेजीमा **(Hyaena)** भनिन्छ ।

पंक्षीहरु सबै जायज छन् मात्र तोकिएको पंक्षीहरु बाहेक, जस्तो कि :

१ - यस्तो पंक्षीहरु जुन् आफ्नो पन्जाले शिकार गर्छन्, इब्ने अब्बास ﵄ ले भन्नु भयो कि «रसूल ﷺ ले हरेक लामो र तीखो दाँत भएको जनावर र हरेक पन्जा भएको पंक्षीबाट मनाहि गर्नु भएको छ» (मुस्लिम- १९३४)

२ - यस्तो पंक्षीहरु जुन् मुर्दा खान्छन्, जस्तो कि गीद्ध, चिल, र काग, किन भने तिनीहरु फोहोर खाने गर्छन् ।

र घृणात्मक जनावरहरु पनि हराम छन् जस्तो कि सर्प, मुसो, र किराहरु ।

उल्लेख जनावर र पंक्षीहरु बाहेक सबै हलाल छन्, जस्तो कि घोडा, चार खुट्टे जनावरहरु, कुखुरा, बन्को गधा, हरीण, मृग, चरो, खरायो, इत्यादि ।

र त्यस मध्ये जसको चारा अधिक समय अपवित्र कुराहरुमा हुन्छ भने त्यसको मासु हराम गरिएको छ, र त्यसलाई तीन दिन सम्म बाँधेर मात्र पवित्र चारा दिनु पर्छ ।

प्याज, लहसुन्, र यस प्रकारको अरु कुनै गन्ध आउने वस्तुहरु खाएर मस्जिदमा जानु उचित छैन । कुनै व्यक्तिले यदि हराम वस्तु खानको लागि बाध्य भयो जस्तो कि यदि त्यो खाएन भने ज्यान जान सक्छ भने यस्तो अवस्थामा बिष बाहेक अरु कुनै पनि हराम वस्तु त्यति मात्रामा खानु जायज छ जतिले आफ्नो ज्यान जोगाउनु सम्भव हुन्छ र जसले कुनै बगैचाको रुखमा लागेको वा झडेको फलको नजिकबाट जानु भयो र त्यस बागैचामा दिवार र भित्ता पनि छैन र देखभाल गर्ने कुनै व्यक्ति पनि छैन भने त्यसको फल खान पाइन्छ तर बोकनु मिल्दैन, त्यस्तै रुख माथि चढनु, झट्टा फालनु, र जम्मा गरेको फलबाट खानु जायज छैन, तर मात्र अवश्यक्ता अनुसार ।